का.जि.का.द.नं. ७९२/०६९/७०
स.क.प.द.नं. ३६९९२/०६९/७०

फोन नं. ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी ब्यवसायी महासंघ

## Federation of Nepal Gold and Silver Dealers' Associations

Attn: News Desk

स्थापित : २०६९, काठमाडौं ।

मिति : २०८१/०७/०२

### Weekly Chart







| Date | Day | Gold Per 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2081/06/27 | Sunday | Dashain Vacation | | | |
| 2081/06/28 | Monday | | | | |
| 2081/06/29 | Tuesday | 1,37,600 | 1,60,500 | 1,650.50 | 1,925 |
| 2081/06/30 | Wednesday | 1,38,715 | 1,61,800 | 1,672 | 1,950 |
| 2081/07/01 | Thursday | 1,39,230 | 1,62,400 | 1,672 | 1,950 |
| 2081/07/02 | Friday | 1,40,945 | 1,64,400 | 1,697.50 | 1,980 |

### सुनको मुल्यमा दिन प्रतिदिन नयाँ रेकर्ड कायम

दशैं पछिको यो साता सुनको मुल्यले एक पछि अर्को नयाँ रेकर्ड कायम गरेको छ । विगत केही समय देखि उचाईतर्फ लागेको मुल्यले गत बुधबार, बिहिबार र पछिल्लो कारोकार भएको दिन शुक्रबार तीनै दिन एक पछि अर्को गर्दै नयाँ उचाई कायम गरेको हो । अन्तर्राष्ट्रिय बजारमा देखिएको द्वन्दको प्रभावसँगै अमेरिकी डलरको विनिमय दरमा देखिएको मजबुतिले सुनको मुल्यमा नयाँ रेकर्ड कायम गर्न सहयोग पुऱ्याएको बिश्लेषकहरुको भनाई छ ।

नेपाली बजारमा पनि यो साता सुनको मुल्यले रेकर्ड कायम गर्यो । साताको पहिलो र दोस्रो दिन दशैं विदा परेकोले यी दुई दिन कारोवार भएन । साताको तेस्रो दिन मंगलबार प्रति १० ग्राम १ लाख ३७ हजार ६ सय रुपैयाँ रहेको सुनको मुल्य साताको चौथो दिन बुधबार  उच्च रेकर्ड राख्दै प्रति १० ग्राम १ लाख ३८ हजार ७ सय १५ रुपैयाँ पुग्यो । यस्तै विहिबार पनि नयाँ रेकर्ड राख्दै प्रति १० ग्राम १ लाख ३९ हजार २ सय ३० पुग्यो । यस्तै शुक्रबार पनि पुनः नयाँ रेकर्ड राख्दै प्रति १० ग्राम सुनको मुल्य १ लाख ४० हजार ९ सय ४५ पुग्यो । यो मुल्य साताको पहिलो कारोबार भएको दिन मंगलबारको तुलनामा पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम ३ हजार ३ सय ४५ रुपैयाँ बढी हो ।

यो साता नेपाली बजारमा चाँदीको मुल्य पनि सामान्य बढ्यो । साताको पहिलो दिन मंगलबार प्रति १० ग्राम १ हजार ६ सय ५० रुपैयाँ ५० पैसा रहेको मुल्य साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ हजार ६ सय ९७ रुपैयाँ ५० पैसा कायम भयो ।

किरणभाई बज्राचार्य
**महासचिव**

email: info@fenegosida.org/ webside: www.fenegosida.org, Post Box No: 20712